# जलजला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लामाखेत, पर्वत

☎ ०६९-५२२००२

पत्र संख्याः- ०७८/७९
चलानी नं.:-

गण्डकी प्रदेश, नेपाल

**आवेदन पेश गर्ने सम्वन्धी सूचना**

सुचना प्रकाशन मितिः २०७८/०७/१५

आ.व. २०७८/०७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, बाट वित्तिय हस्तान्तरण मार्फत जलजला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तरगत तपसिल बमोजिमका स्विकृत कार्यक्रमहरु सञ्चालन गउनुपर्ने भएकोले ईच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन अर्थात मिति २०७८/०७/२९ गते भित्र यस जलजला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागी जलजला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| क्र.सं | कार्यक्रमको नाम | मार्फत कार्यक्रम | परिमाण | बजेट रु.हजारमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाई/भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | १ पकेट | २५०० | कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार संचालन गरिनेछ । |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. तोकिएको ढाँचामा निवेदन (निवेदन शाखावाट उपलब्ध गराईनेछ) गाई/भैसी पकेटको लागी अनुसूचि ६, ७ र १० बमोजिम
२. सम्वन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा
४. संस्थाको हकमा स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र गत आ.व. को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपी ।
५. निवेदक (सदस्यहरु) को नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
६. आवेदकले लागतको कम्तिमा ५०% बरावर रकम अनिवार्य लगानी गर्ने प्रतिवद्धता जनाई कार्य समितिको निर्णयको प्रतिलिपि
७. सम्वन्धित वडा कार्यालयको सिफारिस
८. पशु विमालेख प्रमाणपत्रको प्रतिलिपि

नोटः- निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रकिया यस जलजला गाउँपालिकाको वेबसाईट WWW.Jaljalamun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

राजेन्द्र बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत